सदाचार निष्पक्षता निर्भिकता

# अख्तियार इ-बुलेटिन

(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को कार्यान्वयनको लागि प्रकाशित)

बर्ष १७ अंक १ भाद्र, २०७८

## अख्तियार दुरुपयोग अनुसन्धान आयोग टगांल, काठमाडौं ।



### सम्पादकीय

अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नको लागि स्थापित संवैधानिक आयोग हो ।सार्वजनिक पदधारण गरेका व्यक्तिले अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको सम्बन्धमा छानविन, अनुसन्धान, तहकिकात एवं अभियोजन गर्ने जिम्मेवारी आयोगलाई संवैधानिक रुपमा प्रत्याभूत भएको छ।

सुचनाको हकको कार्यान्वयन गरी पारदर्शिता कायम गर्न आयोग दृढ संकल्पित रहेको छ । आफ्ना काम कारवाही, उपलब्धी र भए/गरेका गतिविधि समेटि विगतदेखि नै अख्तियार बुलेटिन प्रकाशित हुँदै आएकोमा पछिल्लो समयमा ई-बुलेटिनको रुपमा त्रैमासिक प्रकाशित गर्दै आएको छ।

नेपालको संविधानको धारा २७ मा नागरिकको सूचनाको हक सम्बन्धी व्यवस्था छ । यसैगरी सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५


क्रमश...

**प्रकाशन तथा सम्पादन**
सूचना समन्वय शाखा
नीति योजना तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा
टंगाल, काठमाण्डौं

## यस अंकमा

- उजुरी दर्ता र कारबाहीको विवरण
- रङ्गेहात कारबाही तथा मुद्दा दायर विवरण
  - २०७८ बैशाख देखि असार सम्म रङ्गेहात पक्राउ पर्नेहरुको विवरण
  - २०७८ बैशाख देखि असार सम्म दायर मुद्दाहरुको विवरण
  - २०७८ बैशाख देखि असार सम्म आयोगबाट पुनरावेदन विवरण
- नवनियुक्त माननीय आयुक्तज्यूहरुको पदभार ग्रहण सम्पन्न
- आयोगमा रहेको कुल उजुरी तथा फछ्यौंट
- बिशेष अदालतमा दायर भएका आरोपपत्रहरुको संख्या
- घुस रिसवत र स्टिङ् कारबाही सम्बन्धी आयोगको प्रष्टोक्ति
- आयोगबाट भएको संस्थागत क्षमता विकास सम्बन्धी अन्य कार्यको विवरण
- आम्दानी खर्च तथा आर्थिक कारोबारसम्वन्धी अद्यावधिक विवरण

## उजुरीको क्षेत्रगत स्थिति




http://www.ciaa.gov.np इमेलः akhtiyar@ntc.net.np फोन नं. ०१-५२६२१५१,०१-४२६२११९ फ्याक्स नं. ९७७-१-५२६२१२८

## आयोगका पदाधिकारीहरु



मानननीय प्रमुख आयुक्त
प्रेम कुमार राई



माननीय आयुक्त
किशोर कुमार सिलवाल



माननीय आयुक्त
जय बहादुर चन्द



माननीय आयुक्त
डा. हरि पौडेल



माननीय आयुक्त
डा. सुमित्रा श्रेष्ठ अमात्य



श्रीमान् सचिव
तोयम राया

## सम्पादक समूह

| | |
|---|---|
| सचिव श्री तोयम राया | : अध्यक्ष |
| सहसचिव श्री नारायण प्रसाद रिसाल | : सदस्य |
| उपसचिव श्री वेदप्रसाद भण्डारी | : सदस्य |
| शाखा अधिकृत श्री शिव कुमार राई | : सदस्य |
| शाखा अधिकृत श्री सञ्जय अधिकारी | : सदस्य |
| तथ्यांक अधिकृत श्री प्रेम कुमार घिमिरे | : सदस्य |

# सम्पादकीय

अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नको लागि स्थापित संवैधानिक आयोग हो ।सार्वजनिक पदधारण गरेका व्यक्तिले अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको सम्बन्धमा छानविन, अनुसन्धान, तहकिकात एवं अभियोजन गर्ने जिम्मेवारी आयोगलाई संवैधानिक रुपमा प्रत्याभूत भएको छ।

सुचनाको हकको कार्यान्वयन गरी पारदर्शिता कायम गर्न आयोग दृढ संकल्पित रहेको छ । आफ्ना काम कारवाही, उपलब्धी र भए/गरेका गतिविधि समेटि विगतदेखि नै अख्तियार बुलेटिन प्रकाशित हुँदै आएकोमा पछिल्लो समयमा ई-बुलेटिनको रुपमा त्रैमासिक प्रकाशित गर्दै आएको छ।

नेपालको संविधानको धारा २७ मा नागरिकको सूचनाको हक सम्बन्धी व्यवस्था छ । यसैगरी सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ ।उक्त व्यवस्थाअनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सम्पादित प्रत्येक त्रैमासिक अवधिको मुख्य मुख्य क्रियाकलापहरुको विवरण त्रैमासिक रुपमा स्वतः प्रकाशनको रुपमा सार्वजनिक हुँदै आएको विदितै छ।

आ.व. २०७७/७८ मा आयोगमा १४,४२५ वटा उजुरी दर्ता भएकामा अघिल्लो आर्थिक वर्षमा फछ्र्यौट हुन बाँकी रहेका ८२०० उजुरीहरु समेत गरी कुल २२,६२५ वटा उजुरी माथि छानविन एवं अनुसन्धान गर्नुपर्नेमा उक्त आ.व.मा कुल १४,४९६ वटा उजुरी (६४.०७ प्रतिशत) फछ्र्यौट भएका छन् भने ८१२९ वटा उजुरीहरू फछ्र्यौट हुन बाँकी छन्।आयोगबाट आ.व. २०७७/७८ को चौथो त्रैमासिक अवधिमा १३ वटा आरोप-पत्र विशेष अदालतमा दायर गरी २६ जनालाई प्रतिवादी बनाई विगो रु ३,०१,४४,६०,०४२।- को मागदावी लिईएको थियो। साथै उक्त अवधिमाघुस/रिसवत कारवाहीतर्फ ४ वटा कारवाहीबाट ४ जनालाई नियन्त्रणमा लिई जम्मा रु १,१५,०००।- जफत भएको छ । उजुरीको क्षेत्रगत स्थितितर्फ संघीय मामिला (स्थानीय तह समेत)अन्तर्गतका उजुरी आयोगमा सबैभन्दा बढी पर्नेगरेको देखिएकोमा कुल उजुरीको ३२.७२ प्रतिशत हो।

भ्रष्ट्राचार नियन्त्रण गरी सुशासन प्रर्वद्धन गर्ने महान अभियानमा आयोगको एक्लो प्रयास मात्र पूर्ण बन्न सक्दैन। तसर्थ आयोगको यस अभियानमा नेपाल सरकारका सबै निकाय, सार्वजनिक सेवा प्रदायक, सरोकारवाला निकाय एवं प्रवुद्ध नागरिक समाजलेआ-आफ्नो ठाउँबाट भ्रष्टाचार नियन्त्रणमा

हातेमालो गर्दै आउने दिनमाथप सशक्त र प्रभावकारी भूमिका निभाउन जरुरी छ। तब मात्र हामिले चाहेको 'समृद्ध नेपाल, सुखी नेपाली' को नारालाई सफलिभुत बनाउन सक्दछौं।

अन्त्यमा, आयोगले गर्दै आएका कार्यक्रमहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्दै आउनुहुने सबैप्रति हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछौ । आफ्नो नजिक भएका भ्रष्टाचारजन्य घटना वा आफूले थाहा पाएका भ्रष्टाचारका सूचनाहरु सदा झै आफुलाई पायक पर्ने आयोग र अन्तर्गतका कार्यालयहरुमा दिनुहुन अनुरोध गर्दछौं ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को कार्यान्वयको लागि प्रकाशित

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सम्पादित कार्यहरूको आ.व. २०७७/७८ को चौथो (बैशाख-असार) त्रैमासिक प्रगति

**भाद्र, २०७८**

## *१.उजुरी र फछ्र्यौंट*

१. यस आयोगमा आर्थिक वर्ष २०७७/७८ को **चौथो** त्रैमासिक अवधिमा भ्रष्टाचार सम्बन्धी परेका नयाँ उजुरी **३२२२** वटा र तेस्रो त्रैमासिक अवधिबाट जिम्मेवारी सरेर आएका उजुरी **१०२१०** वटा गरी जम्मा **१३४३२** वटा उजुरी मध्ये चौथो त्रैमासिक अवधिमा जम्मा **५३०१** वटा उजुरी फछ्र्यौंट भई आ.व. २०७७/७८ को चौथो त्रैमासिक अवधि सम्म जम्मा ३९.४७% तथा उक्त आ.व.का कुल उजुरीहरूमध्ये ६४.०७ प्रतिशत उजुरीहरू फछ्र्यौंट भइ प्रगति हासिल भएको छ । आयोगमा परेका उजुरी मध्ये आयोगले गरेको कारवाहीबाट चौथो त्रैमासिक अवधिमा २१९ वटा उजुरी विस्तृत अनुसन्धानमा गएको, ५०७ वटा उजुरी मातहत कार्यालयहरुमा पठाइएको,११९४ वटा उजुरी कारवाहीका लागि सम्बन्धित कार्यालयमा पठाइएको,४६२ वटा उजुरी सोसंग सम्बन्धित अर्को उजुरीसंग गाभिएको र २९२१वटा उजुरी तामेलीमा पठाइएको छ। आयोगमा परेको उजुरी संख्या, सो उपर आयोगले कारवाही एवं फछ्र्यौंट गरी फछ्र्यौंट हुन बाँकी उजुरीको विवरण देहाय अनुसार छः


### १.१आयोगमा रहेको कुल उजुरी फछ्र्यौंट तथा बाँकीको विवरण

| विवरण | आ. ब. २०७७/७८ मा उजुरी संख्या | फछ्र्यौंट | | | | | | जम्मा फछ्र्यौंट | फछ्र्यौंट हुन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विस्तृत अनुसन्धान | आयोगबाट तामेली | | आयोग मातहतका सम्बन्धित कार्यालयहरु मा प्रेषित | कारवाहीको लागि अन्य कार्यालयमा लेखि पठाएको | अन्य उजुरीमा गाभिए को | | |
| | | | तामेली | सुझाव सहित तामेली | | | | | |
| तेश्रो त्रैमासिक अवधिको जम्मा | १९४०३ | २९१ | ५८६० | ३३६ | ९३२ | ७८० | ९९४ | ९१९३ | १०२१० |
| चौथो त्रैमासिक अवधि सम्मको जम्मा | ३२२२ | २१९ | २४०७ | ५१४ | ५०७ | ११९४ | ४६२ | ५३०३ | ८१२९ |
| चौथो त्रैमासिक अवधिसम्मको जम्मा | २२६२५ | ५१० | ८२६७ | ८५० | १४३९ | १९७४ | १४५६ | १४४९६ | ८१२९ |

## १.२ कार्यालयगत उजुरी र फछ्यौंटको अवस्थाः

आर्थिक वर्ष २०७७।०७८ को चौथो त्रैमासिकसम्ममा विभिन्न माध्यमहरूबाट आयोगको केन्द्र तथा मातहत कार्यालयहरूमा पर्न आएका तथा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका उजुरीहरू देहायको तालिका तथा स्तम्भ चित्रमा स्पष्ट पारिएको छ। सो अनुसार बढी उजुरीहरू अर्थात् ४८.५८% उजुरी आयोगको टंगालस्थित कार्यालयमा रहेका छन् । मातहत कार्यालयहरू मध्ये सबै भन्दा बढी आयोगको कार्यालय, बर्दिवास (११.४७%) मा रहेका छन् । सबैभन्दा कम उजुरीहरू भने आयोगको सम्पर्क कार्यालय, नेपालगञ्ज (३.४२%) मा रहेका छन्।फछ्यौंटको अवस्था हेर्दा सबैभन्दा बढी अर्थात ७५.७०% आयोगको टंगालस्थित कार्यालयलेगरेको छ ।मातहत कार्यालयहरूमध्ये सबैभन्दा बढी फछ्यौंट आयोगको कार्यालय, बुटवलको (७०.९८%) साथै सबैभन्दा कम फछ्यौंट भने आयोगको कार्यालय, कञ्चनपुर (४०.५२%) रहेको छ।

| कार्यालय | उजुरीको संख्या | | कुल उजुरी संख्या | फछ्यौंट संख्या | | कुल फछ्यौंट भएको उजुरी संख्या | विस्तृत अनुसन्धानमा गएको | उजुरी प्रतिशत | फछ्यौंट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | गत आ.व. को जिम्मेवारी सरेको जम्मा उजुरी संख्या | चालु आ.व.को जम्मा उजुरी संख्या | | गत आ.व. को जिम्मेवारी सरेको मध्येबाट फछ्यौंट | चालु आ.व.को जम्मा उजुरी बाट फछ्यौंट | | | | |
| **अ.दु.अ.आ., टंगालको जम्मा** | **२७७९** | **८२९८** | **११०७७** | **९९९** | **७३८६** | **८३८५** | **१३१** | **४८.९५** | **७५.७०** |
| आयोगको कार्यालय, इटहरी | १०४८ | १०३३ | २०८१ | ४४४ | ५६७ | १०११ | ५५ | **९.१९** | ४८.५८ |
| आयोगको कार्यालय, बर्दिबास | १५०८ | १०८९ | २५९७ | ८१२ | ५८९ | १४०१ | ३० | **११.४७** | ५३.९५ |
| आयोगको कार्यालय, हेटौंडा | ४१८ | ५११ | ९२९ | २१८ | २९८ | ५१६ | ५४ | **४.१०** | ५५.५४ |
| आयोगको कार्यालय, पोखरा | ४२७ | ५०५ | ९३२ | २१४ | २८६ | ५०० | ३० | **४.११** | ५३.६५ |
| आयोगको कार्यालय, बुटबल | ३९५ | ८७३ | १२६८ | २५३ | ६४७ | ९०० | ५७ | **५.६०** | ७०.९८ |
| आयोगको सम्पर्क कार्यालय, नेपालगंज | ३२० | ४५६ | ७७६ | २१४ | २८९ | ५०३ | ३१ | **३.४२** | ६४.८२ |
| आयोगको कार्यालय, सुर्खेत | ४६७ | ७५३ | १२२० | १८० | ३९१ | ५७३ | ९१ | **५.३९** | ४६.९७ |
| आयोगको कार्यालय, कञ्चनपुर | ८३८ | ९०७ | १७४५ | २२८ | ४७९ | ७०७ | ३१ | **७.७१** | ४०.५२ |
| **जम्मा** | **८२००** | **१४४२५** | **२२६२५** | **३५६२** | **१०९३४** | **१४४९६** | **५१०** | | **६४.०७** |





### १.३ क्षेत्रगत उजुरीको संख्या

उजुरीलाई क्षेत्रगत रुपमा हेर्दा सबैभन्दा बढी उजुरी संघीय मामिला अन्तर्गत (स्थानीय तहसमेत) ३२.७२%, शिक्षा अन्तर्गत १५.६१ र भूमि प्रशासनका ९.०९ %रहेका छन् । त्यस्तै, वन तथा वातावरण अन्तर्गत ५.०१%, स्वास्थ्य तथा जनसंख्या अन्तर्गत ३.९३%, भौतिक पूर्वाधार तथा यातायात अन्तर्गत ३.७६%, गृह प्रशासन अन्तर्गत ३.४७ र ऊर्जा, जलस्रोत तथा सिंचाइ अन्तर्गत ३.०९% उजुरीहरू रहेका छन् ।त्यस्तै अर्थ तथा राजस्व क्षेत्रसँग,२.०९%, नक्कली शैक्षिक प्रमाणपत्र अन्तर्गत ५.६१% र गैरकानूनी सम्पत्ति आर्जनतर्फ ३.३८% उजुरीहरू पर्न आएका छन् ।उजुरीको क्षेत्रगत विवरणलाई निम्नानुसारको तालिका स्तम्भचित्रबाटप्रष्ट गरिएको छ ।

# क्षेत्रगत उजुरीको संख्या

| क्षेत्रगतका आधारमा उजुरी र फर्छ्यौटको विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | उजुरीको क्षेत्र | गत आ.व.बाट जिम्मेवारी सरेका | आ.व. २०७७।७८ मादर्ता भएका | जम्मा उजुरीको संख्या | गत आ.व. को जिम्मेवारी सरेको मध्येबाट फछ्यौंट संख्या | चालु आ.व.को जम्मा उजुरीबाट फछ्यौंट संख्या | कुल फछ्यौंट संख्या | क्षेत्रगत उजुरी प्रतिशत | क्षेत्रगत फछ्यौंट प्रतिशत |
| १ | संघीय मामिला (स्थानीय तहसमेत) | २५१६ | ४८८८ | ७४०४ | १०९१ | ३५६६ | ४६५७ | ३२.७२ | ६२.९० |
| २ | शिक्षा (स्थानीय तहसमेत) | १४५४ | २०७७ | ३५३१ | ७८५ | १५७७ | २३६२ | १५.६१ | ६६.८९ |
| ३ | भूमि प्रशासन | ७९२ | १२६५ | २०५७ | ३३६ | ९९१ | १३२७ | ९.०९ | ६४.५१ |
| ४. | वन तथा वातावरण | ३६३ | ७७१ | ११३४ | १९९ | ५८४ | ७८३ | ५.०१ | ६९.०५ |
| ६ | स्वास्थ्य तथा जनसंख्या | २७४ | ६१६ | ८९० | १४१ | ५२३ | ६६४ | ३.९३ | ७४.६१ |
| ५. | भौतिक पूर्वाधार तथा यातायात | ३३० | ५२० | ८५० | १३९ | ३७७ | ५१६ | ३.७६ | ६०.७१ |
| ८ | गृह प्रशासन | ९६ | ६८८ | ७८४ | ७३ | ६३५ | ७०८ | ३.४७ | ९०.३१ |
| ७ | ऊर्जा, जलस्रोत तथा सिंचाइ | २४८ | ४५० | ६९८ | १२४ | ३०५ | ४२९ | ३.०९ | ६१.४६ |
| ९. | अर्थ | १४१ | ३३१ | ४७२ | ८८ | ३०३ | ३९१ | २.०९ | ८२.८४ |
| १०. | नक्कली शैक्षिक प्रमाणपत्र | ९५३ | ३१६ | १२६९ | १०० | १८७ | २८७ | ५.६१ | २२.६२ |
| ११. | गैरकानूनी सम्पत्ति आर्जन | १९४ | ५७० | ७६४ | ६५ | ३७९ | ४४४ | ३.३८ | ५८.१२ |
| १२. | अन्य क्षेत्र | ८३९ | १९३३ | २७७२ | ४२१ | १५०५ | १९२८ | १२.२५ | ६९.५५ |
| | **जम्मा** | **८२००** | **१४४२५** | **२२६२५** | **३५६२** | **१०९३४** | **१४४९६** | **१००** | **६४.०७** |





## १.४ तीन तहका सरकारको प्रदेशगत उजुरीको अवस्था

संघीय, प्रदेश र स्थानीय सरकार मातहतका सरकारी तथा सार्वजनिक निकायहरूमा प्रदेशगत उजुरीको आधारमा विश्लेषण गर्दा प्रत्येक प्रदेशमा स्थानीय सरकारका निकायहरुमा बढि उजुरी परेको देखिन्छ त्यसपछि क्रमशः संघीय र प्रदेश सरकारका निकायहरूमा बढि उजुरी परेका छन् तथापि बाग्मती प्रदेशमा भने संघीय सरकारका निकायहरुमा सबै भन्दा बढि उजुरी परेका साथै सूदुरपश्चिम प्रदेशमा संघीय सरकारका निकायहरुमा भन्दा प्रदेश सरकारका निकायहरुका उजुरी बढी परेको देखिन्छ। समग्रमा सबैभन्दा बढी उजुरी तथा स्थानीय सरकारका निकाय विरुद्धका सबैभन्दा बढि उजुरी पनि प्रदेश नं २ मा परेको देखिन्छ । जसलाई निम्न बमोजिम उल्लेख गरिएको छ ।

| आ.ब. २०७७/०७८ | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **प्रदेश** | **संघ** | **प्रदेश** | **स्थानीय तह** | **कुल जम्मा** | **प्रतिशत** |
| १ | प्रदेश नं.१ | ७३८ | ३६५ | १४३३ | २५३६ | १२.५४ |
| २ | प्रदेश नं. २ | १९१६ | २५४ | २७९५ | ४९६५ | २४.५६ |
| ३ | बाग्मती प्रदेश | ३१७९ | २४० | ११४९ | ४५६८ | २२.५९ |
| ४ | गण्डकी प्रदेश | ५१९ | १८७ | ७४१ | १४४७ | ७.१६ |
| ५ | लुम्बिनी प्रदेश | ८९० | ४७० | १४१४ | २७७४ | १३.७२ |
| ६ | कर्णाली प्रदेश | ४२० | ३४७ | ८४६ | १६१३ | ७.९८ |
| ७ | सूदुर पश्चिम प्रदेश | ३६८ | ६७७ | १२७१ | २३१६ | ११.४५ |
| | **प्रदेशगत जम्मा** | **८०३०** | **२५४०** | **९६४९** | **२०२१९** | १०० |
| | **प्रतिशत** | **३९.७२** | **१२.५६** | **४७.७२** | **१००** | |
| | अन्य(गैरकानूनी सम्पत्ति, झुठा शैक्षिक प्रमाणपत्र, विश्वविद्यालय आदि) | २४०६ | | | २४०६ | |
| | **कुल जम्मा** | **१०४३६** | **२५४०** | **९६४९** | **२२६२५** | |

**प्रदेशगत उजुरीको प्रवृत्ति**

प्रदेशगत उजुरीको प्रवृतिलाई देहायको रेखाचित्रबाट प्रष्ट पारिएको छ ।




### *२ भ्रष्टाचार नियन्त्रणका सम्वन्धमा आयोगबाट भएको कार्य प्रगति*

### *२.१ भ्रष्टाचार नियन्त्रण सम्बन्धी उपचारात्मक कार्यको प्रगति विवरणः-*

**क) दायर भएका आरोपपत्रको संख्या**

आ.व. २०७७/०७८ को चौथो त्रैमासिक अवधिसम्ममा आयोगले कुल ११३ वटा आरोपपत्र सम्मानित विशेष अदालतमा दायर गरेको छ ।यस त्रैमासिकको बैशाख महिनामा १, जेष्ठ महिनामा १ र असार महिनामा ११ गरी कुल १३ वटा आरोपपत्रहरू दायर भएका छन्।

| सि.नं. | मुद्दाको विवरण | हालसम्मको मुद्दाको संख्या |
|---|---|---|
| १ | घुस/रिसवत | ७० |
| २ | झुठ्ठा/ नक्कली शैक्षिक प्रमाणपत्र | ३ |
| ३ | सार्वजनिक सम्पत्ति हानी नोक्सानी | २३ |
| ४ | गैर-कानुनी सम्पत्ति आर्जन | ३ |
| ५ | गैर-कानुनी लाभ वा हानी | १० |
| ६ | राजश्व चुहावट/हिनामिना | ३ |
| ८ | विविध | १ |
| **जम्मा** | | **११३** |

आ.व२०७७/७८ को चौथो त्रैमासिक अवधिमा सम्मानित विशेष अदालतमा दायर गरिएका १३ वटा आरोप-पत्रमा जम्मा २६ जना आरोपीलाई प्रतिवादी बनाई विगो रु ३,०१,४४,६०,०४२। को माग दावी लिईएको छ ।उक्त अवधिमा विशेष अदालतमा दायर गरिएका मुद्दामध्ये घुस/ रिसवतका ५ वटा मुद्दामा ८ जना, नक्कली शैक्षिक प्रमाणपत्रको १ वटा मुद्दामा १ जना, सार्वजनिक सम्पत्ति/रकम हिनामिनाका ४ वटा मुद्दामा ११ जना, राजश्व चुहावट हिनामिना १ वटा मुद्दामा ३ जना र अन्य २ वटा मुद्दाका २ जनालाई विपक्षी बनाईएको छ । प्रतिवादीहरुको विवरण हेर्दा अधिकृतस्तरका कर्मचारीहरु ५ जना, सहायकस्तरका कर्मचारीहरु ७ जना, शिक्षक/ प्राध्यापक १ जना साथै मतियार/विचौलिया/अन्य १० जना रहेका छन्, जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

| कर्मचारीको पद/जिम्मेवारी | घुस/ रिसवत | नक्कली शैक्षिक प्र.प. | सा. सम्पत्ति/रकम हिनामिना, गैरकानूनी लाभ हानी | गैरकानूनी सम्पत्ति | राजश्व हिनामिना | विविध | जम्मा |
|---|---|---|---|---|---|---|---|
| सह सचिवस्तर | | | | | १ | | |
| उपसचिवस्तर | - | - | - | | - | - | - |
| अधिकृतस्तर | २ | १ | ३ | | - | १ | ७ |
| सहायक/ सहयोगी कर्मचारी | ३ | - | ४ | - | - | | ७ |
| शिक्षक/प्राध्यापक | | - | १ | | - | - | १ |
| निर्वाचित/ मनोनित | | - | - | - | २ | - | ३ |
| मतियार/ विचौलिया/ अन्य | ३ | - | ४ | | | १ | ८ |
| जम्मा | ८ | १ | १२ | | ३ | २ | २६ |

**चौथो त्रैमासिक अवधिमा दायर भएको आरोपपत्रको विस्तृत विवरण निम्नबमेजिम उल्लेख गरिएको छ।**

| सि. नं. | आरोपी संख्या | आरोपपत्र दर्ता मिति | निर्णय संख्या | आरोपित व्यक्तिको नाम | पद | कार्यालय | आरोप | विगो (रुपैयामा) |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | २०७८.१.८ | ४६२ | मिमबहादुर शाही | शाखा अधिकृत | लोक सेवा आयोगको कार्यालय अनामनगर | सरकारी कागजात (उत्तर पुस्तिका) सच्याई भ्रष्टाचार | |
| २ | २ | २०७८.२.३० | ४८२ | विजयकान्त झा | तत्कालिन गाविस सचिव | अम्लेगंज गा.वि.स. | सरकारी रकम हिनामिना | |
| ३ | ३ | २०७८.०३.१० | ५५५ | रमेश ढकाल | कर अधिकृत | आन्तरिक राजश्व | घुस रिसवत | १,५०,००० |

| सि. नं. | आरोपी संख्या | आरोपपत्र दर्ता मिति | निर्णय संख्या | आरोपित व्यक्तिको नाम | पद | कार्यालय | आरोप | बिगो (रुपैयामा) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्यालय धनुषा | | |
| ४ | ४ | २०७८.०३.१३ | ५६३ | कासिन्दर यादव | प्रहरी जवान | इलाका प्रहरी कार्यालय सुनसरी | घुस रिसवत | ६०,००० |
| ५ | ५ | २०७८.०३.०९ | ५३० | लुम्बध्वज महत | अध्यक्ष | कर फछ्र्यौट आयोग | राजश्व चुहावट | १,००,३३,२०,३८५ |
| | ६ | | | उमेशप्रसाद ढकाल | सदस्य | कर फछ्र्यौट आयोग | | १,००,३३,२०,३८५ |
| ७ | ७ | | | चुडामणी शर्मा ढकाल | सदस्य | कर फछ्र्यौट आयोग | | १,००,३३,२०,३८५ |
| | ८ | २०७८.०३.१६ | ५७७ | शोभिता साह | सरकारी साँक्षी | | प्रतिकुल बकपत्र | ५,००० |
| ८ | ९ | २०७८.०३.२३ | ५९५ | दिनेशकुमार विश्वकर्मा | प्रधानाध्यापक | सरस्वती प्रा.वि.कपिलवस्तु | सार्वजनिक सम्पत्ति हानी नोक्सानी | ३,९३,७५० |
| | १० | | | सकिल मिया | अध्यक्ष | ऐ ऐ स्कुल वि.व्य.स | | ३,७१,७०७ |
| | ११ | | | नरेन्द्र कुर्मी | अध्यक्ष | ऐ ऐ स्कुल वि.व्य.स | | २२,१४९ |
| ९ | १२ | २०७८.०३.२५ | ६२० | कृष्णप्रसाद पौडेल | सहायक वन अधिकृत | सब डिभिन वन कार्यालय धादिङ | घुस रिसवत | ४०,००० |
| १० | १३ | २०७८.०३.२९ | ६२२ | बाबुराम घिमिरे | प्रहरी हवल्दार (निलम्बित) | नेपाल प्रहरी | घुस रिसवत | ३,९९,५०० |
| | १४ | | | राजकुमार स्वर्णकार | संचालक | बाबा सुन चाँदी पसल | | ३,९९,५०० |
| ११ | १५ | २०७८.०३.२९ | ६१६ | सुग्रिम कार्की | खरिदार | सांस्कृतिक नगरपालिका लुम्बिनी | नक्कली प्रमाणपत्र | |

| सि. नं. | आरोपी संख्या | आरोपपत्र दर्ता मिति | निर्णय संख्या | आरोपित व्यक्तिको नाम | पद | कार्यालय | आरोप | विगो (रुपैयामा) |
|---|---|---|---|---|---|---|---|---|
| | १६ | २०७८.०३.३१ | ६२१ | ताराकुमारी श्रेष्ठ | प्रहरी हवल्दार | महानगरीय प्रहरी वृत्त नयाँ बानेश्वरमा | घुसरिसवत | ६०,००० |
| | १७ | | | अनिश जोशी | | | | ६०,००० |
| | १८ | | | राम खड्का | कार्यालय सहयोगी | | | ३०,००० |
| १२ | १९ | २०७८.०३.२७ | ६०५ | शिवबहादुर गुरुङ्ग | प्रशासकिय अधिकृत | बारपाक सुलिकोट गा.पा. गोरखा | सरकारी रकम हिनामिना | ३,६८,४२० |
| | २० | | | गंगाबहादुर घले | तत्कालिन लेखापाल | बारपाक सुलिकोट गा.पा. गोरखा | | ३,६८,४२० |
| | २१ | | | सुजन अम्गाइ | इन्जिनियर | बारपाक सुलिकोट गा.पा. गोरखा | | ३,६८,४२० |
| | २३ | | | श्याम बचन यादव | अध्यक्ष | विराट कृषि सहकारी संस्था लि. | | २०,००० |
| | २४ | २०७८.०८.२८ | | अमरबहादुर गुरुङ्ग | प्रोपराइटर | सोम एण्ड अमर कन्सक्ट्रक्सन प्रालि | | ३,६८,४२० |
| १३ | २५ | २०७८.०३.२७ | | दिपक सुनार | तत्कालिन गाविस सचिव | लह गाविस कार्यालय जाजरकोट | सरकारी रकम हिनामिना | ४,४०,४०० |
| | २६ | | | दोर्णप्रसाद पौडेल | तत्कालिन गाविस सचिव | लह गाविस कार्यालय जाजरकोट | | ५,९३,२०० |
| **जम्मा विगो** | | | | | | | | **३,०१,४४,६०,०४२** |

## ख घुस/रिसवत कारबाही

यस आयोगबाट  आ.व. २०७७।०७८ को चौथो त्रैमासिक अवधि (बैशाख-असार) मा कूल ४ वटा घुस/रिसवत कारबाही भएको र यसबाट रू. १,१५,०००/- जफत हुनुका साथै जम्मा ४ जना कर्मचारी नियन्त्रणमा लिईएको छ। यस अवधिमा कारबाहीमा परेका ४ मध्ये  ४ जना नै राष्ट्रसेवक कर्मचारी रहेका छन् ।यस अवधि मा घुस/रिसवत कारबाहीबाट नियन्त्रणमा लिइएका ४ जना व्यक्तिहरुको दर्जागत एवं पेशागत विवरण देहाय अनुसार  छः

| क.स. | पद/श्रेणी | जम्मा संख्या | अप्राविधिक | प्राविधिक | प्रहरी | शिक्षक | अदालत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | रा प द्वितीय वा सो सरह | १ | - | १ | - | - | - | |
| २ | रा प तृतीय श्रेणी वा सो सरह | १ | - | १ | - | - | - | |
| ३ | सहायक स्तरका कर्मचारी | २ | - | २ | - | - | - | |
| | **जम्मा** | ४ | | ४ | | | | |

**चौथो त्रैमासिक अवधिमा आयोगद्वारा गरिएको घुस/रिसवत कारबाहीको क्रममा नियन्त्रणमा लिइएका व्यक्तिहरुको विस्तृत विवरण निम्नानुसार छ ।**

| सि. न. | मिति | पक्राउ परेको व्यक्तिको नाम थर | पद | पक्राउ परेको संख्या | कार्यरत कार्यालय | आरोप | बिगो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०७८।०१।१४ | हसमुल्ला खाँ | कार्यालय प्रमुख | १ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई | दाँते ओखरको बिरुवा उत्पादन गरे वापत कृषकलाई दिनुपर्ने अनुदान रकम भुक्तानी गर्नको लागि घुस/रिसवत माग गरिरहेको | २५००० | |
| २ | २०७८।०३।०६ | कृष्णप्रसाद पौडेल | सहायक वन अधिकृत (आठौ स्तर) | १ | निलकण्ठ सव-डिभिजन वन कार्यालय, धादिङ | सेवाग्राहीले फर्निचर उद्योगमा चिरानको लागि ल्याएको काठको सम्बन्धमा' अनुसन्धान गर्ने भनी कागजात तयार गरी वन कार्यालयमा लगे पश्चात मुद्दा मिलाउने हो भनी रु. ४०,०००।–दिनुपर्छ भनी घुस/रिसवत माग गरेको | ४०००० | |
| ३ | २०७८।०३।२० | राजन पासवान | सव-ईन्जिनियर | १ | राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण, जिल्ला आयोजना कार्यान्वयन | भुकम्पबाट क्षतिग्रस्त घर पुर्ननिर्माणको तेस्रो किस्ता भुक्तानी पास गरिदिए वापत सेवाग्राहीसँग घुस/रिसवत माग गरेको | ३०००० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | इकाई, ओखलढुंगा | | | |
| ४ | २०७८।०३।२३ | बिनोद सापकोटा | सव-ईन्जिनियर | १ | सार्वजनिक निर्माण कार्यान्वयन इकाई, गजुरी, धादिङ | खेलकुद मैदान निर्माण सम्पन्न गरी सो कार्यको लागि धरौटी राखेको रकम फिर्ता लिन जाँदा सेवाग्राहीसँग धरौटी रकम फिर्ता गरिदिए वापत रु. २०,०००।–दिनुपर्छ भनीघुस/रिसवत माग गरेको | २०००० | |

## ग. घुस रिसवत कारबाहीसम्वन्धमा आयोगको प्रष्टोक्तिः

भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धन गर्ने प्रयोजनार्थ आयोगले सार्वजनिक पद धारण गरेका व्यक्ति र निजहरुसँग सरोकार देखिने अन्य व्यक्ति समेतले घुस रिसवत लिने दिने कार्य गरी भ्रष्टाचार गरेको सम्वन्धमा विभिन्न तौरतरिका अबलम्वन गरी "**घुस रिसवत**" लिने दिनेलाई कारबाही गर्दै आइरहेको छ।

यसै क्रममा सम्मानित सर्वोच्च अदालतवाट मिति २०७८/०१/०८ मा भएको फैसलामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० लाई संविधानको धारा १३३ (१) बमोजिम खारेज गरेको छ। फौजदारी न्यायका मान्य सिद्धान्त, कानुनको उचित प्रक्रिया तथा प्रमाण संकलनसम्बन्धी न्यायिक मान्यताका दृष्टिले मनासिब र तार्किक नदेखिएको भनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० को व्यवस्था खारेज गरिएको सम्मानित सर्बोच्च अदालतको मिति २०७८/०१/०८ मा भएको फैसलामा उल्लेखित छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० को व्यवस्था अनुसार "कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले "**घुस रिसवत**" माग गरेको भनि आयोगमा पर्न आएको उजुरी निवेदनको अनुसन्धानको सिलसिलामा आयोगले आफ्ना कर्मचारी वा उजुरीकर्ता वा अन्य कुनै व्यक्तिमार्फत त्यस्तो सार्वजनिक पद धारण गरेको व्यक्तिलाई "**घुस रिसवत**" बापत रकम उपलब्ध गराउन सक्ने" भन्ने प्रावधान रहेको थियो। यस प्रावधानबमोजिम घुस रिसवत लिने दिनेलाई गरिने कारबाहीलाई स्टिङ् अपरेसन समेत भनेर बुझिन्थ्यो।

सम्मानित सर्वोच्च अदालतको फैसला आयोगको घुस रिसवत लिने/दिनेलाई कारवाही गर्ने अधिकार नै "खारेज" गरिएको भनि बिभिन्न माध्यमवाट प्रचार भई आएपनि सो सत्य होइन। आयोग नियमावली, २०५९ को नियम ३० को प्रावधान अनुसार संकलित प्रमाणलाई यसरी "**घुस रिसवत**" कारबाहीको प्रमाणको रुपमा ग्रहण गर्न नसकिने मात्र भनिएको हो। उक्त निर्णयवाट आयोगको घुस रिसवत कारबाही गर्ने कानुन बमोजिमको अधिकार र जिम्मेवारी घटेको होइन, बरु उक्त नियममा उल्लेख भएको आयोगवाट उपलब्ध

गराइएको रकमवाट नभई अन्य विश्वसनीय सबुद र दशी प्रमाणवाट "**घुस रिसवत**" लिए दिएका कार्य पुष्टि हुने गरी अभियोग-पत्र पेश गर्ने प्रक्रियामा सुधार गर्ने मार्ग प्रशस्त भएको हो।

नेपालको संविधानले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सार्बजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान, तहकिकात तथा अभियोजन गर्ने संबैधानिक जिम्मेवारी प्रदान गरेको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) ले "**घुस रिसवत**" लिने दिनेलाई भ्रष्टाचारजन्य कार्य भनि स्पष्ट रुपमा परिभाषित गरेको छ। राष्ट्रसेवक वा राष्ट्रसेवक हुन लागेको कुनै व्यक्तिले आफ्नो ओहोदा वा सो सम्वन्धी कुनै काम गर्न वा गरिदिए बापत वा नगर्न वा नगरिदिए बापत वा आफ्नो ओहोदा वा सो सम्वन्धी कुनै काम गर्दा कुनै व्यक्तिलाई मोलाहिजा वा अनिष्ट गर्न वा गराइदिएबापत वा नगर्न वा नगराइदिएबापत आफ्नो वा अरु कसैको निमित्त रिसवत लिएमा वा लिन मञ्जुर गरेमा रिसवत लिनेलाई वा लिन मञ्जुर गर्नेलाई कसुरको मात्राअनुसार सजाय हुने व्यवस्था रहेको छ। रिसवत लिईसकेको भए लिएको रिसवत समेत जफत हुने व्यवस्था छ।

यसरी कानुनद्वारा कसुर भनी परिभाषित भएको रिसवत लिने दिने वा दिन प्रयत्न गर्ने कार्यलाई सम्मानित सर्बोच्च अदालतवाट मिति २०७८/०१/०८ मा भएको फैसलाले बन्देज वा प्रतिवन्ध लगाएको नभई "**घुस रिसवत**" लिने दिने सन्दर्भमा आएको उजुरी, सूचना वा जानकारीको बारेमा अनुसन्धान, तहकिकात र अभियोजन गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मा रहेको प्रावधान अनुसार आयोग स्वयमले नै रकम दिइ पठाइ बरामद गरी आएको प्रमाणसम्म ग्रहण योग्य नहुने व्याख्या भएको हो।

यसरी सम्मानित सर्बोच्च अदालतवाट मुद्दाको रोहमा व्याख्या वा प्रतिपादन गरेको सिद्धान्त सबैले पालना गर्नु पर्ने संवैधानिक दायित्व आयोगले समेत बहन गर्नु पर्ने हुँदा "**घुस रिसवत**" बापत पीडित पक्षको माग बमोजिम आयोगले उपलब्ध गराउँदै आएको रकम सम्म अब आइन्दा उपलब्ध नगराइने हो। सम्मानित सर्बोच्च अदालतको फैसलाले रकम उपलब्ध गराउने सम्मको कार्यलाई प्रमाणको रुपमा ग्रहण नगरिने सिद्धान्त अबलम्वन भएको तर भ्रष्टाचार निवारण ऐन/नियम बमोजिम "**घुस रिसवत**" लिने दिने कार्य सम्बन्धमा अनुसन्धान तहकिकातको क्रममा अभियोजन गर्न रोक नलगाएको हुँदा "**घुस रिसवत**" लिए दिएको, खाएको वा लिन प्रयत्न गरेको सम्बन्धमा आयोगसमक्ष पर्ने उजुरीका सम्बन्धमा विद्यमान प्रमाण कानुन बमोजिम मान्य एवम् अन्य व्यवहारिक तवरमा स्वीकार्य रुपमा अनुसन्धान तहकिकात गरी दोषी उपर उचित कारवाहीको लागि मुद्दा अभियोजन गर्ने गराउने तर्फ आयोग प्रतिवद्ध रही आएको छ।

यसै क्रममा सम्मानित सर्बोच्च अदालतवाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० का सम्वन्धमा फैसला भएको दिन २०७८/०१/०८ वाट अमान्य र बरद घोषित भई सकेपश्चात आयोगको "**घुस रिसवत**" कारवाहीमा प्रस्तुत वुलेटिन प्रकाशन गर्दा सम्म ६ थान उजुरी उपर अनुसन्धान तहकिकात भईरहेको छ।

### घ. दायर मुद्दाको फैसला र आयोगबाट पुनरावेदन:

यस त्रैमासिकमा सम्मानित विशेष अदालतबाट कूल ३४ वटा मुद्दाको फैसला प्राप्त भएको छ । आ.व.२०७७/०७८ मा फैसलाहरुको विस्तृत विवरण देहाय वमोजिम रहेको छ ।

| विवरण | आ.ब. २०७७/०७८ मा दर्ता भएको मुद्दाको संख्यात्मक विवरण: | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत | बैशाख | जेठ | असार | जम्मा |
| मुद्दा दायरी विशेष अदालतमा | १४ | ५ | १४ | १ | १३ | १३ | ८ | १९ | १३ | १ | १ | ११ | ११३ |
| लिखित जवाफ दर्ता | ३ | २ | ४ | २ | १ | ८ | ७ | ३ | २ | १ | ० | १ | ३४ |
| पुनरावेदन दर्ता | ३७ | ४ | १ | ० | १ | ० | ४ | ४ | ४ | १ | ० | ० | ५६ |
| पुनरावलोकन दर्ता | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| प्रतिउत्तर पत्र दर्ता | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| फैसला प्राप्त (विशेष अदालत) | १३ | ० | १ | १ | ० | १६ | १८ | १० | ११ | २१ | ० | १३ | १०४ |
| भ्रष्टाचार तर्फ | १० | ० | १ | १ | ० | ८ | १३ | ८ | ७ | १४ | ० | ११ | ७३ |
| नक्कली प्र.प. तर्फ | ३ | ० | ० | ० | ० | ८ | ५ | २ | ४ | ७ | ० | २ | ३१ |
| **जम्मा** | ८० | ११ | २१ | ५ | १५ | ५३ | ५५ | ४६ | ४१ | ४५ | १ | ३८ | ४११ |

सम्मानित विशेष अदालतमा आयोगको तर्फवाट दायर भएका सबै आरोपपत्रमा अदालतबाट आ.व. २०७७/७८ मा कुल १०४ वटा आरोपपत्रमाथि फैसला भएको छ । फैसला भएका १०४ वटा आरोपपत्रहरू मध्ये ७३ वटा फैसला भ्रष्टाचारतर्फका रहेका छन् भने ३१ वटा नक्कली शैक्षिक प्रमाणपत्र सम्बन्धी रहेका छन् । शैक्षिक तर्फको २ वटा मुद्दामा सफलता मिलेको छ । त्यसै गरी भ्रष्टाचारतर्फ ३३ वटा आरोपपत्रहरुमा सफलता, ११ वटामा आंशिक सफलता र २९ वटा आरोपपत्रहरू असफलता मिलेको छ ।

## *२.२ भ्रष्टाचार नियन्त्रण सम्बन्धी आयोगबाट भएका निरोधात्मक कार्यको विवरण*

भ्रष्टाचारजन्य कार्यको नियन्त्रणको लागि आयोगले उजुरीउपर गरिने अनुसन्धान र अभियोजनको दण्डात्मक कार्यले मात्र अपेक्षित परिणाम प्राप्त हुन नसक्ने ठानी भ्रष्टाचार हुनै नदिने वा त्यसलाई रोक्ने निरोधात्मक कार्यहरूलाई निरन्तर रुपमा अगाडि बढाएको छ ।

स्थानीयस्तरमा हुने भ्रष्टाचार न्यूनीकरण र निरोधका लागि देशैभरी ३३ वटा जिल्लाहरूमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुलाई अधिकार प्रत्यायोजन गरिएको छ । निजहरुले अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजुरीहरुका सम्बन्धमा प्रारम्भिक छानवीन गरी तामेलीमा राख्न वा विस्तृत अनुसन्धान गर्न सम्बन्धित कागजात सहित आधार र कारणसमेत खुलाई आयोगको सम्बन्धित कार्यालय मार्फत आयोग समक्ष पठाउनु पर्ने व्यवस्था रहेको छ ।

आयोगले भ्रष्टाचारविरुद्ध नागरिक समाजसँग सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले सबै प्रदेशमा जिल्लाअन्तर्गत भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्था **(Citizen Jury)** गठन गरी भ्रष्टाचार विरुद्धको अभियानमा नागरिक समाजको सहभागिता बढाउने कार्यलाई समेत निरन्तरता दिएको छ ।

## *२.३ भ्रष्टाचार नियन्त्रण सम्बन्धी आयोगबाट भएको प्रवर्द्धनात्मक कार्यको विवरणः*

### "सुशासन सवाल" टेलिभिजन कार्यक्रम

आयोग र नेपाल टेलिभिजनसंगको सहकार्यमा आ. व. २०७५/७६ देखि नै सुशासन सवाल विषयक साप्ताहिक टेलिभिजन कार्यक्रम हरेक मंगलवार साँझ ७:२५ मा प्रशारण हुँदै आएको छ। उक्त कार्यक्रम आ.व. २०७७/७८ को चौथो त्रैमासिक अवधिमा नेपाल टेलिभिजनबाट बैशाख महिनामा ५ वटा, जेठमा ४ वटा र असारमा ५ वटा गरी कुल १४ वटा श्रृंखला प्रशारण भैसकेको छ भने बार्षिक हिसावमा ५२ भाग "शुसासन सवाल" कार्यक्रम प्रसारण भएको छ । उक्त श्रृंखलाहरु आयोगको फेसबुक र युटचूव च्यानलबाट समेत यथासम्भव प्रत्यक्ष प्रशारण हुँदै आएको छ साथै यी कार्यक्रमहरु उक्त च्यानलहरुमा सबैको सहज पहुँचका लागि राखिएको छ ।

त्यसै गरी आयोगले आ.व. २०७७/७८ को अन्तिम त्रैमासिकमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने प्रयोजनका लागि प्रबर्द्धनात्मक कार्यक्रमअन्तर्गत दुई वटा भिडीयो सामाग्रीहरू तयार पारी नेपाल टेलिभिजनमार्फत हरेक दिन कम्तिमा दुइ पटक न्यूनतम् पनि एक महिनाको लागि हुने गरी प्रसारण गरेको छ भने सो प्रचार सामाग्रीलाई आ.व. २०७८/७९ मा समेत टेलिभिजन तथा रेडियोमार्फत प्रसारण गरी निरन्तरता दिने कार्यक्रम तय भएको छ ।

## *२.४.आयोगबाट भएका संस्थागत विकास सम्बन्धी कार्य :*

### क. आयोगको अनुसन्धान तथा अभियोजन कार्यमा विज्ञान प्रविधिको उपयोग

- ❖ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो अनुसन्धान तथा अभियोजनको कार्यलाई वस्तुपरक तथा वैज्ञानिक बनाउने हेतुले विभिन्न विज्ञान तथा प्रविधिजन्य उपायहरूको प्रयोग गर्दै आइरहेको छ । आयोगमा आफ्नै पोलिग्राफ परीक्षण प्रयोगशाला, इञ्जिनियरिङ्ग प्रयोगशाला साथै फरेन्सिक ल्याब पनि सञ्चालानमा रहेका छन् ।
- ❖ डिजीटल फरेन्सिक ल्याबबाट आयोगले आ.व. २०७७।०७८ को चौथो त्रैमासिक (बैशाख-असार)सम्म कुल ७ वटा विभिन्न साधनहरुको परीक्षण गरेको छ । फरेन्सिक ल्याव परीक्षणको विवरण निम्नबमोजिम रहेको छ।
- ❖त्यस्तै आयोगमा अनुसन्धानको शिलशिलामा झुठा बोले-नबोलेको पत्ता लगाउनको लागि गरिने पोलिग्राफ परीक्षण प्रयोगशालाबाट १० जनाले झुठ बोलेको अवस्था देखिएको छ।

❖ आयोगको कामकारवाहीलाई अझै तथ्यमा आधारित र यथार्थपरक बनाउन र आयोजनाहरुको गुणस्तर मापनको लागि आयोगको कार्यालय तथा मातहतका सबै कार्यालयमा समेत Engineering Laboratory स्थापना गरिएको छ। आयोगमा परिक्षण गर्न सकिने नमुनाको परिक्षण आयोगकै Engineering Laboratory मा गरिएको र आयोगमा गर्न नसकिने परिक्षण अन्य सरकारी तथा गैर सरकारी निकायमा Sampling गरी परिक्षणको लागि पठाउने गरिएको छ। आयोगमा परिक्षण गर्न सकिने परिक्षण आयोगकै Engineering Laboratory मा परिक्षण गरिएको र आयोगमा गर्न नसकिने परिक्षण अन्य सरकारी तथा गैर सरकारी निकायमा Sampling गरी परिक्षणको लागि पठाउने गरिएको छ।

## *३.आयोगबाट भएका अन्य गतिविधि*

### *३.१. नवनियुक्त माननीय आयुक्तहरुको शपथ ग्रहण तथा पदभार ग्रहण सम्पन्न*

आयोगमा माननीय प्रमुख आयुक्त र दुइ जना माननीय आयुक्तहरुको पदस्थापना भइ बाँकी स्थानमा मिति २०७८/०३/१० गते विहीबारको दिन नेपालको संविधानको धारा२३८(२) बमोजिम नियुक्त हुनुभएका अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय आयुक्त डा. हरी पौडेल र माननीय आयुक्त डा. सुमित्रा श्रेष्ठ अमात्यले संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुबिधासम्बन्धी ऐन बमोजिम माननीय प्रमुख आयुक्त प्रेमकुमार राईसमक्ष आयोगको कार्यालय, टंगाल, काठमाण्डौंमा आयोजित एक कार्यक्रममा आफ्नो पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको छ। यसैसाथ आयोगले पुर्णता समेत पाएको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको त्रैमासिक विवरण

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल

## आ.व. २०७७/७८ को चौथो त्रैमासिक प्रगति विवरण

### *१. आयोगको स्वरुप र प्रकृति*

नेपालमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रबर्द्धन गर्नको लागि नेपालको संविधानको भाग २१,धारा २३८ मा संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरिएको छ । आयोगमा प्रमुख आयुक्त र चारजना आयुक्तहरु रहने संबैधानिक व्यवस्था छ। राष्ट्रपतिवाट संवैधानिक परिषदको सिफारिसमा प्रमुख आयुक्त र आयुक्तको नियुक्ति गर्ने प्रावधान छ। आयोगका प्रमुख आयुक्त र आयुक्तको पदावधी नियुक्तिको मितिले छ वर्षको हुने व्यवस्था छ।

संविधानको धारा २३९ अनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने व्यवस्था छ ।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीहरु**

| | |
|---|---|
| माननीय प्रमुख आयुक्त | श्री प्रेम कुमार राई |
| माननीय आयुक्त | श्री किशोर कुमार सिलवाल |
| माननीय आयुक्त | श्री जय बहादुर चन्द |
| माननीय आयुक्त | डा. हरि पौडेल |
| माननीय आयुक्त | डा. सुमित्रा श्रेष्ठ अमात्य |

**आयोगको केन्द्रीय कार्यालय, टंगाल, काठमाडौंमा रहेको छ । आयोग मातहत देहायका ७ वटा कार्यालयहरु र एउटा सम्पर्क कार्यालय रहेका छन् ।**

| सि. नं. | कार्यालयको नाम | कार्यालयको फोन नं. | फ्याक्स नं. |
|---|---|---|---|
| १. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं | हट लाइन नं. १०७<br>०१५२६२१५१ | ०१-५२६२१२८<br>०१५२६२१०४ |
| २. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, ईटहरी | ०२५-५८६९७० | ०२५-५८५६०० |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवास | ०४४-५५०६८६ | ०४४-५५०५३१ |
| ४. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा | ०५७-५२१७४४ | ०५७-५२०३६९ |
| ५. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा | ०६१-५४०४५१ | ०६१-५४०४५२ |
| ६. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल | ०७१-५४०८३७<br>०७१-५४००३१ | ०७१-५४०८२३ |
| | क. बुटवलको सम्पर्क कार्यालय,नेपालगन्ज | ०८१-५५०६२६,<br>०८१-५५०६२७ | ०८१-५५०४२६ |
| ७. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत | ०८३-५२१९६०<br>०८३-५२३१७८ | ०८३-५२३८८४ |
| ८. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर | ०९९-५२४२६३<br>०९९-५२१११७ | ०९९-५२२७९५ |

## ***२.आयोगको काम, कर्तव्य र अधिकार***

नेपालको संविधानको भाग २१ को धारा २३९ बमोजिम "(१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ ।

तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन ।

(२) धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषदबाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐन बमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि संघीय कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ ।

(३) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।

(४) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीका लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ ।

(५) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(६) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुनेछ ।

संविधानको धारा २९३ मा संवैधानिक निकायको काम कारवाहीको अनुगमन संसदीय समितिबाट हुने व्यवस्था रहेको छ भने धारा २९४ मा आयोगको बार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष बुझाउने सम्बन्धी व्यवस्था रहेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई भ्रष्टाचारका उजुरी सम्वन्धमा अनुसन्धान गरी अभियोजन गर्ने कार्यको अतिरिक्त कानुनी राज्यको अवधारणा अनुरुप सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने सुधारात्मक कार्यहरु गर्ने थप दायित्व समेत सुम्पेको छ । जस अन्तर्गत आयोगबाट निम्न कार्यहरु सम्पादित हुने गरेको छन्ः

- विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटि भए सुधार गर्न सुझाव दिने ।
- अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई वा नलिई तारिखमा राख्ने वा छाड्ने ।
- भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यहरु गर्ने ।
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरुसँग समन्वय, आपसी सहयोग र सम्वन्ध सुदृढ गर्ने ।
- आवश्यकतानुसार सम्वन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने ।

## ३. आयोगमा रहेको कर्मचारी संख्या र कार्य विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवमा नेपाल सरकारका राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०१।०८ को निर्णयबाट स्वीकृत भई कायम भएको दरबन्दी तेरिज वमोजिम आयोगको केन्द्रिय कार्यालय, टंगालमा बाह्र (१२) वटा महाशाखाहरु सहित ५१२ जनाको दरबन्दी रहेको छ । त्यसैगरी मातहत आयोगका ७ वटा कार्यालयहरू तथा सम्पर्क कार्यालय(नेपालगन्ज) गरी जम्मा ४७८ जनाको दरबन्दी गरी आयोगअन्तर्गत देहायअनुसार कुल ९९० जना कर्मचारी दरवन्दी रहेको छ ।

| श्रेणी/कार्यालय | टंगाल | इटहरी | बर्दिवास | हेटौंडा | पोखरा | बुटवल | नेपालगंज | सुर्खेत | कंचनपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रा.प. विशिष्ट | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| रा.प.प्रथम | १३ | १ | १ | १ | १ | १ | ० | १ | १ | २० |
| रा.प.द्वितीय | ६४ | ४ | ४ | ४ | ४ | ४ | १ | ४ | ४ | ९३ |
| रा.प.तृतीय | १०७ | १७ | १८ | १७ | १५ | १५ | ८ | १७ | १५ | २२९ |
| **अधिकृत स्तर** | **१८५** | **२२** | **२३** | **२२** | **२०** | **२०** | **९** | **२२** | **२०** | **३४३** |
| रा.प.अनं. प्रथम | ११८ | १७ | १७ | १७ | १७ | १४ | १३ | १६ | १७ | २४६ |
| रा.प.अनं. द्वितीय | २४ | ४ | ४ | ४ | ४ | २ | ३ | २ | ४ | **५१** |
| रा.प.अनं. तृतीय | २६ | ४ | ४ | ४ | ४ | ३ | २ | ४ | ४ | **५५** |
| रा.प.अनं. चतुर्थ | ६४ | ७ | ७ | ७ | ७ | ६ | ४ | ७ | ७ | **११६** |
| श्रेणी विहिन | ९५ | ११ | ११ | ११ | ११ | १० | ९ | १० | ११ | **१७९** |
| **सहायकस्तर** | **३२७** | **४३** | **४३** | **४३** | **४३** | **३५** | **३१** | **३९** | **४३** | **६४७** |
| **जम्मा** | **५१२** | **६५** | **६६** | **६५** | **६३** | **५५** | **४०** | **६१** | **६३** | **९९०** |

आयोगमा उपरोक्त अनुसारको स्वीकृत दरवन्दीमा स्थायी कर्मचारीका अतिरिक्त केही दरवन्दीमा करार सेवा अन्तर्गतको जनशक्तिबाट समेत सेवा प्रवाह हुँदै आएको छ । जसअनुसार कम्प्युटर अपरेटर, हलुका सवारी चालक, कार्यलय सहयोगी पदमा गरी आयोगमा जम्मा ४५ जना व्यक्तिहरु करारमा कार्यरत रहेका छन् ।

## ४.आयोगबाट प्रदान गरिने सेवा

नेपालको संविधानमा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्नअन्य व्यक्तिहरु उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान तहकिकात गरी कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउन सक्ने व्यवस्था गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले भ्रष्टाचारको सम्बन्धमा कसैको उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीको आधारमा आयोगले अनुसन्धान र तहकिकात गर्न वा अन्य कारवाही चलाउन सक्ने व्यवस्था रहेअनुसार भ्रष्टाचार सम्बन्धी प्राप्त हुने उजुरी आयोगका सबै कार्यालयहरुमा दर्ता गर्ने व्यवस्था गरिएको छ ।

आयोगमा विचाराधिन अवस्थामा रहेको कुनै विषयसँग सम्बन्धित कागजात र कुनै कागजातको नक्कल नदिने गरी आयोगबाट निर्णय वा आदेश भएकोमा त्यस्तो कागजातको नक्कल उपलब्ध हुदैन । त्यसैगरी आयोगबाट हुने अनुसन्धान, तहकिकात वा अभियोजनसम्बन्धी कारवाहीलाई प्रतिकूल असर पार्ने देखिएका विषयमा कुनै सूचना उपलब्ध हुदैन ।

तर आयोगबाट मुद्दा नचल्ने तामेलीमा राख्ने निर्णय भएको विषयसँग सम्बन्धित मिसिल संलग्न कागजातहरुमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको नक्कल माग गर्ने सम्बन्धित सरोकारवालालाई त्यस्तो नक्कल उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

आयोगमा दर्ता गराएको कुनै उजुरी वा आयोगको कुनै कामकारवाही उपर सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकलाई अनुसन्धान, तहकिकात वा अभियोजनसम्बन्धी कारवाहीलाई प्रतिकूल असर नपार्ने गरी सूचना उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

## *५.सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी*

भ्रष्टाचार सम्बन्धी उजुरी दर्ता गर्नका लागि आयोगको मुल दर्ता शाखा जिम्मेवार रहन्छ । यसरी उजुरी दर्ता गर्दा आयोगको वेबसाइटमा रहेको अनलाइन उजुरी दर्ता प्रणालीको पनि उपयोग गर्न सकिन्छ। हटलाइन १०७ मा आउने उजुरीका लागि प्रहरी महाशाखाका साथै टोल फ्रि, भाइवर तथा इ-मेल मार्फत आउने उजुरीका लागि नीति तथा योजना महाशाखा जिम्मेवार रहन्छन् ।

आयोगबाट मुद्दा नचल्ने तामेलीमा राख्ने निर्णय भएको विषयसँग सम्बन्धित मिसिल संलग्न कागजातहरुमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको नक्कल माग गर्ने सरोकारवालालाई सो नक्कल कानुनबमोजिम उपलब्ध गराउने गरिन्छ।

यसैगरी सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकलाई सूचना उपलब्ध गराउने जिम्मेवारी आयोगको सूचना अधिकारीको हुन्छ ।

## *६.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि*

आयोगबाट प्रदान हुने सेवाका लागि सामान्यतय कुनै शुल्क दस्तुर लाग्दैन ।

सरोकारवाला नेपाली नागरिकले अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३७ बमोजिम नक्कल माग्न आएमा प्रति पाना रु. ५/- दस्तुर लाग्ने र यसरी निवेदन दिए पश्चात सम्बन्धित सरोकारवाला नेपाली नागरिकले नियमानुसारको सेवा पाउन सक्दछन् ।

सरोकारवाला नेपाली नागरिकले सूचनाको हक अन्तर्गत सूचना माग्न आएमा सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधी लाग्ने तथा दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा बढी भएमा प्रति पेज रु. ५/- दस्तुर लाग्दछ ।

## *७.निर्णय गर्ने प्रक्रिया र अधिकारी*

### क. उजुरी सम्बन्धी निर्णय प्रक्रिया

- आयोगमा प्राप्त सबै उजुरीहरु दर्ता पश्चात स्क्रिनिङ्ग कमिटीमा उजुरीको सम्बन्धमा छलफल भै अनुसन्धान गर्नु पर्ने उजुरीहरु सम्बन्धित महाशाखा, आयोगका कार्यालयहरु वा नेपाल सरकारका अन्य उपयुक्त कार्यालय वा पदाधिकारीहरुमा लेखी पठाउन र तामेलीमा राख्ने उजुरीहरु तामेलीमा राखी लगत कट्टा गर्न आयोगबाट निर्णय हुने गर्दछ ।
- अनुसन्धान अधिकृतको सिफारिसको आधारमा सम्मानित विशेष अदालतमा मुद्दा दायर गर्ने सम्बन्धमा आयोगबाट निर्णय हुने गर्दछ ।

### ख. नक्कल र सूचना लिने सम्बन्धी प्रक्रिया

- अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३७ बमोजिम नक्कल माग गर्ने सरोकारवाला नेपाली नागरिकले सोही नियमावलीको अनुसूचि १५ वमोजिमको ढाँचामा निवेदन लेखी आयोगको मूलदर्तामा दर्ता गराउनु पर्ने ।
- निवेदन साथ वादी र आरोपित व्यक्तिको नाम तथा विवरण सहित सरोकार देखिने व्यहोरा खुलाउनु पर्ने ।
- निवेदनमा कुन-कुन कागजको नक्कल चाहिएको हो त्यसको विवरण खुलाउनु पर्ने।
- संभव भएसम्म तामेलीमा रहेको मिसिलको तामेली नम्वर खुलाउनु पर्ने ।
- नक्कलका लागि परेको निवेदन माथि कारवाही भई नक्कल दिने निर्णय भएपछि तामेली शाखा प्रमुखले तोकि दिए बमोजिमको शुल्क आर्थिक प्रशासन शाखामा बुझाएको रसिद संलग्न गर्नुपर्ने ।

- नक्कलको लागि शुल्क बुझाएको दिनमा नै प्रमाणित नक्कल सरोकारवाला सेवाग्राहीले पाउने ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सम्बन्धित सरोकारवाला नेपाली नागरिकले आयोगद्वारा निर्दिष्ट ढाँचा निवेदन लेखी आयोगको मूलदर्तामा दर्ता गराउनु पर्ने ।
- आयोगमा दिएको उजुरीको सम्बन्धमा सूचना माग गर्ने सरोकारवालाले उजुरी दर्ता नम्वर अनिवार्य रुपमा खुलाउनु पर्ने ।

## *८. निर्णय उपर उजुरी सुन्ने अधिकारी*

*क.* **सूचना उपलब्ध गराउने अधिकारीः** *सूचनासँग सम्बन्धित बिषयको प्रकृतिअनुसार आयोगका सूचना अधिकारीले सूचना उपलव्ध गराउने।*

*ख.* **पुनरावेदनको प्रक्रिया र पदाधिकारीः** सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ र ७ अनुसार सूचना अधिकारीवाट उपलब्ध सूचनामाथि चित्त नबुझेमा वा सूचना नै नपाएमा सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ९ बमोजिम आयोगका प्रमुखसमक्ष उजुरी दिन सकिने। यसरी प्राप्त सूचनासँग सम्बन्धित उजुरीको प्रकृतिअनुसार आयोगका सचिव र आयोगले निर्णय गर्न सक्ने।

## *९. सम्पादन गरेको कामको विवरणः*

आयोगले सम्पादन गरेका मुख्य क्रियाकलापहरु सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को कार्यान्वयको लागि प्रकाशित अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सम्पादित कार्यहरूको आ.व. २०७७/७८ को चौथो (बैशाख-असार) त्रैमासिक प्रगति वुलेटिनमार्फत प्रस्तुत गरिएको छ।

## *१०. प्रमुख, प्रवक्ता एवं सूचना अधिकारीको नाम र पद*

| | | |
|---|---|---|
| **प्रमुखः-** | सचिव श्री तोयम राया | |
| **सह-सचिव एवं प्रवक्ताः-** | श्री नारायण प्रसाद रिसाल | ९८५१२३३२८१ |
| **सूचना अधिकारीः-** | श्री वेदप्रसाद भण्डारी | ९८५११८७३०८ |
| **सहायक सूचना अधिकारीः-** | श्री शिव कुमार राई | |

**आयोग मातहतका ७ वटा कार्यालयहरुका (बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज समेत) सूचना अधिकारीहरुको नाम र सम्पर्क टेलिफोन नं. देहाय अनुसार रहेको छ ।**

| कार्यालयको नाम | सूचना अधिकारीको नाम | सम्पर्क टेलीफोन नं. |
|---|---|---|
| अ.दु.अ.आ.कार्यालय, इटहरी | उप-सचिव श्री पुरुषोत्तम ढकाल | ९८५२०७०३३३ |
| अ.दु.अ.आ.कार्यालय, बर्दिवास | उप-सचिव श्री मणिराम ज्ञवाली | ९८५४०७९१११ |
| अ.दु.अ.आ.कार्यालय, हेटौंडा | उप-सचिव श्री विष्णु प्रसाद सापकोटा | ९८५११६१७७७ |
| अ.दु.अ.आ.कार्यालय, पोखरा | उप-सचिव श्री मेघनाथ रिजाल | ९८४८२५६४४४ |
| अ.दु.अ.आ.कार्यालय, बुटवल | उप-सचिव श्री चन्द्र प्रसाद अधिकारी | ९८५७०७५०३१ |
| अ.दु.अ.आ.कार्यालय, सुर्खेत | उप-सचिव श्री देव कुमार राई | ९८५८०७३६६६ |
| अ.दु.अ.आ.कार्यालय, बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज | शा.अ. श्री श्रीधर टण्डन | ९८५८०४५७८८ |
| अ.दु.अ.आ.कार्यालय, कन्चनपुर | शा.अ. श्री हरिशचन्द्र जोशी | ९८५८७५२३७७ |

### *११. संविधान,ऐन,नियम, विनियम वा निर्देशिकाको सूची*

- नेपालको संविधान,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- भ्रष्टाचार निवारण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली,२०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरुको आचार संहिता, २०७६
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- विशेष अदालत ऐन, २०५९

## *१२. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्वन्धी अद्यावधिक विवरण:*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०७७/७८ को वजेट विनियोजन र चौथो त्रैमासिक अवधिको खर्चको विवरण देहाय अनुसार छ।

**बजेट उपशीर्षक :** २०६०००११३-अख्तियार दुरुपयोग अनुसन्धान आयोग (प्रशासनिक खर्च समेत)

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीयसङ्केत को नाम | अन्तिम बजेट | चैत्र महिनासम्मको निकासा/ खर्च | असार महिनासम्मको निकासा/ खर्च | त्रैमाशिक खर्च (बैसाख-असार) | बाँकी बजेट |
|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिककर्मचारी | २४९,४८२,०००.०० | १२६,६५१,११६.९५ | १६४,९०३,३०४.६२ | ३८,२५२,१८७.६७ | ८४,५७८,६९५.३८ |
| २११२१ | पोशाक | ३,९०७,०००.०० | २,१३५,५००.०० | २,१५५,५००.०० | २०,०००.०० | १,७५१,५००.०० |
| २११२२ | खाद्यान्न | १२,९९९,०००.०० | ५,५१५,२८५.०० | ७,३४२,१४६.०० | १,८२६,८६१.०० | ५,६५६,८५४.०० |
| २११३२ | महंगीभत्ता | १३,२०४,०००.०० | ५,४४४,२३६.०० | ७,२७०,४१३.०० | १,८२६,१७७.०० | ५,९३३,५८७.०० |
| २११३४ | कर्मचारीकोबैठक भत्ता | ६००,०००.०० | १७५,०००.०० | ३२८,०००.०० | १५३,०००.०० | २७२,०००.०० |
| २११३५ | कर्मचारीप्रोत्साहन तथा पुरस्कार | २,७०३,०००.०० | ८४५,०००.०० | ८४५,०००.०० | ०.०० | १,८५८,०००.०० |
| २११३९ | अन्यभत्ता | ३००,०००.०० | २०१,२००.०० | २०६,२००.०० | ५,०००.०० | ९३,८००.०० |
| २१२१३ | योगदानमाआधारित बीमा कोष खर्च | २,६६०,०००.०० | १,०९८,०००.०० | १,४६२,९५५.०० | ३६४,९५५.०० | १,१९७,०४५.०० |
| २२१११ | पानीतथा बिजुली | ७,९८०,०००.०० | २,८३५,२२०.६८ | ५,३७९,९३५.३० | २,५४४,७१४.६२ | २,६००,०६४.७० |
| २२११२ | संचारमहसुल | ८,२०६,०००.०० | २,८२०,९२७.२९ | ६,९४५,७९८.४० | ४,१२४,८७१.११ | १,२६०,२०१.६० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ११,६२३,०००.०० | ७,१४४,९१३.५२ | ११,०१४,८६८.०८ | ३,८६९,९५४.५६ | ६०८,१३१.९२ |
| २२२१३ | सवारीसाधन मर्मत खर्च | ७,५९५,०००.०० | ५,२२६,५२०.८९ | ७,४३५,४२७.७५ | २,२०८,९०६.८६ | १५९,५७२.२५ |
| २२२१४ | बिमातथा नवीकरण खर्च | ३,३२३,०००.०० | १,३४०,०७९.८० | १,८६३,१६४.२० | ५२३,०८४.४० | १,४५९,८३५.८० |
| २२२२१ | मेशिनरीतथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५,८९०,०००.०० | ८०१,८६२.१३ | ३,३२१,००७.६७ | २,५१९,१४५.५४ | २,५६८,९९२.३३ |
| २२२३१ | निर्मितसार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ३,०००,०००.०० | ३०८,९९१.०० | ३०८,९९१.०० | ०.०० | २,६९१,००९.०० |
| २२३११ | मसलन्दतथा कार्यालय सामाग्री | २५,२००,०००.०० | ८,२१३,३७६.४० | २४,८५९,३४५.०१ | १६,६४५,९६८.६१ | ३४०,६५४.९९ |

**बजेट उपशीर्षक : २०६०००११३-अख्तियार दुरुपयोग अनुसन्धान आयोग (प्रशासनिक खर्च समेत)**

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीयसङ्केत को नाम | अन्तिम बजेट | चैत्र महिनासम्मको निकासा/ खर्च | असार महिनासम्मको निकासा/ खर्च | त्रैमाशिक खर्च (बैसाख-असार) | बाँकी बजेट |
|---|---|---|---|---|---|---|
| २२३१४ | इन्धन-अन्य प्रयोजन | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १७,६७२,०००.०० | ५,४६२,५२०.८६ | ७,४१७,७१०.५१ | १,९५५,१८९.६५ | १०,२५४,२८९.४९ |
| २२४११ | सेवार परामर्श खर्च | ५,५००,०००.०० | ९३८,८१०.०० | १,१०३,८१०.०० | १६५,०००.०० | ४,३९६,१९०.०० |
| २२४१२ | सूचनाप्रणाली तथा सफ्टवेयर संचालन खर्च | १०,४००,०००.०० | ९६,८९७.५० | १,८२०,७३७.३७ | १,७२३,८३९.८७ | ८,५७९,२६२.६३ |
| २२४१३ | करारसेवा शुल्क | ३०,२०६,०००.०० | १६,७३६,७४०.२८ | २३,१७५,२७८.१३ | ६,४३८,५३७.८५ | ७,०३०,७२१.८७ |
| २२५११ | कर्मचारीतालिम खर्च | १८,५००,०००.०० | १,१०३,५५४.१८ | १,४३८,३११.१८ | ३३४,७५७.०० | १७,०६१,६८८.८२ |
| २२५१२ | सीपविकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ८०५,०००.०० | ०.०० | ०.०० | ०.०० | ८०५,०००.०० |
| २२५२२ | कार्यक्रमखर्च | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २२५२९ | विविधकार्यक्रम खर्च | १५,६२१,०००.०० | २,८१७,८३५.८७ | ७,३५०,२३६.२६ | ४,५३२,४००.३९ | ८,२७०,७६३.७४ |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | १,२००,०००.०० | ७४०,४२८.०० | ७५९,७१८.०० | १९,२९०.०० | ४४०,२८२.०० |
| २२६१२ | भ्रमणखर्च | २९,३९१,०००.०० | ५,७९०,०३६.०० | ७,३२२,४३०.०० | १,५३२,३९४.०० | २२,०६८,५७०.०० |
| २२६१९ | अन्यभ्रमण खर्च | ११,८००,०००.०० | ८,६६९,१०४.०० | ९,१३५,०९४.०० | ४६५,९९०.०० | २,६६४,९०६.०० |
| २२७११ | विविधखर्च | ४३,६८८,०००.०० | ७,२५८,६९९.३९ | १२,३२७,९०३.९० | ५,०६९,२०४.५१ | ३१,३६०,०९६.१० |
| २७२११ | छात्रवृत्ति | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २८१४१ | जग्गाकोभाडा | ७००,०००.०० | ०.०० | ०.०० | ०.०० | ७००,०००.०० |
| **कुल जम्मा** | | **५४४,३५५,०००.००** | **२२०,३७१,८५५.७४** | **३१७,४९३,२८५.३८** | **९७,१२१,४२९.६४** | **२२६,८६१,७१४.६२** |

**आर्थिक बर्षः- २०७७/७८**

**बजेट उपशीर्षक : २०६०००११४ अख्तियार दुरुपयोग अनुसन्धान आयोग (प्रशासनिक खर्च समेत)**

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीयसङ्केत को नाम | अन्तिम बजेट | चैत्र महिनासम्मको निकासा/ खर्च | असार महिनासम्मको निकासा/ खर्च | त्रैमाशिक खर्च (बैसाख- असार) | बाँकी बजेट |
|---|---|---|---|---|---|---|
| ३११२२ | मेशिनरी तथा औजार | ५८,७००,०००.०० | ०.०० | ५८,६१८,०९९.९६ | ५८,६१८,०९९.९६ | ८१,९००.०४ |
| ३११२३ | फर्निचरतथा फिक्चर्स | ४६,३३०,०००.०० | १,२८४,९६०.२२ | २२,७३५,३५९.२५ | २१,४५०,३९९.०३ | २३,५९४,६४०.७५ |
| ३११६१ | निर्मितभवनको संरचनात्मक सुधार खर्च | १६,५००,०००.०० | ५४,९१८.०० | ४,८१२,७७१.७० | ४,७५७,८५३.७० | ११,६८७,२२८.३० |
| ३११६१ | निर्मितभवनको संरचनात्मक सुधार खर्च | ४,०००,०००.०० | ०.०० | १,९४७,९१३.०३ | १,९४७,९१३.०३ | २,०५२,०८६.९७ |
| कुलजम्मा | | १२५,५३०,०००.०० | १,३३९,८७८.२२ | ८८,११४,१४३.९४ | ८६,७७४,२६५.७२ | ३७,४१५,८५६.०६ |
| | | | | | | |

## आर्थिक वर्ष २०७७/७८ चौथो त्रैमासिक अवधिको धरौटीको विवरण देहायअनुसार छ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. आम्दानी | | | | | | |
| क. | चैत्र | महिना सम्मकोधरौटी मौज्दात | | | | ४४,८५०,३२६।७३ |
| ख. | बैशाख देखि असार सम्म | महिनामा प्राप्त भएको धरौटी | | | | ४,३४२,९१०।२४ |
| | | | | | जम्मा | ४९,१९३,२३६।९७ |
| २. खर्च | | | | | | |
| क.चालु महिना/ आ.व.को फिर्ता भएको धरौटी | | | | | | ९,२३१,३१६।०० |
| ख.चालुमहिना/ आ.व.को सदर स्याहा भएको धरौटी | | | | | | ३०,०००।०० |
| | | | | | जम्मा | ९,२६१,३१६।०० |
| **३. स्रेस्ताअनुसारको बाँकी (१-२)** | | | | | | |
| क. नगद | | | | | | - |
| ख. बैङ्क | | | | | | ३९,९३१,९२०।९७ |
| | | | | | जम्मा | ३९,९३१,९२०।९७ |
| **४. बैङ्क अनुसारको धरौटी मौज्दात** | | | | | | ३९,९३१,९२०।९७ |
| **५. फरक (३-४)** | | | | | | - |

**आर्थिक वर्ष २०७७/७८ को चौथो त्रैमासिक अवधिको राजश्व आम्दानीको विवरण देहायअनुसार छ।**

| सि.नं. | राजस्व शीर्षक | चैत्र महिनासम्मको जम्मा | असार महिना सम्मको जम्मा | त्रैमाशिक जम्मा | नगद दाखिला हुन बांकी भौचर |
|---|---|---|---|---|---|
| १ | १४२१२-सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | ६५०.०० | ७५०.०० | १००.०० | |
| २ | १४२१८-विद्युत सेवा शुल्क | - | ३२,३००.०० | ३२,३००.०० | |
| ३ | १४२२१-न्यायिक दस्तूर | ३०५.०० | ३३०.०० | २५.०० | |
| ४ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | २६७,००५.०० | ४८४,२०५.०० | २१७,२००.०० | |
| ५ | १४३१२-प्रशासनिक दण्ड,जरिवाना र जफत | २८५,०००.०० | ७५३,५७७.०० | ४६८,५७७.०० | |
| ६ | १४५२९-अन्य राजस्व | - | ११,०००.०० | ११,०००.०० | |
| ७ | १५१११-बेरूजू | २,४३२,२७२.०० | २,५३९,२२८.०० | १०६,९५६.०० | |
| ८ | १५११२-निकासा फिर्ता | ९,२६९,२४५.०० | ९,९९३,२४५.०० | ७२४,०००.०० | |
| ९ | ३२१२१-गत वर्षको नगद मौज्दात | - | - | - | |
| **जम्मा रकम** | | **१२,२५४,४७७.००** | **१३,८१४,६३५.००** | **१,५६०,१५८.००** | **०** |

## १३. तोकिए बमोजिमको अन्य विवरण

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रकाशन भएका प्रतिवेदन तथा अन्य प्रकाशनहरु देहाय बमोजिम रहेका छन्ः

- आयोगको तीसौं वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७६/७७)
- संस्थागत रणनीतिक योजना आ.व. २०७६/७७ – २०८०/८१
- स्मारिका २०७७
- अख्तियार इ-बुलेटिन
- भ्रष्टाचारसँग सम्बन्धित महत्वपूर्ण नजीरहरुको सारसंक्षेप २०७६
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरुको आचारसंहिता, २०७६

## १४. अघिल्लो आ.व.मा सञ्चलित कार्यक्रमहरु

- सामुदायिक शिक्षा कार्यक्रम
- अन्तरक्रिया कार्यक्रम
- समन्वय बैठक
- बैदेशिक तालिम तथा अवलोकन भ्रमण
- कानूनमा सुधारका लागि अन्तर्क्रिया तथा मस्यौदा तयारी कार्य
- भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस
- अनुसन्धानका लागि आधारभूत तालिम कार्यक्रम
- आयोगको स्थापना दिवस कार्यक्रम

## १५. आयोगको वेवसाइट र यसको विवरणः

आयोगको वेवसाइट www.ciaa.gov.np रहेको छ ।उक्त वेबसाइटमा आयोगको परिचय, आयोगका पदाधिकारीहरुको परिचय, गठन,सांगठनिक संरचना, आयोग मातहतका कार्यालयहरुको विवरण, ऐन कानून, प्रतिवेदन, सूचना, प्रेस विज्ञप्ति तथा आयोगका विभिन्न प्रकाशनहरु सूचीकृत गरिएको छ । यसका अलावा अनलाइन मार्फत उजुरी प्रेषित गर्ने व्यवस्थासमेत मिलाइएको छ । आयोगको फेसबुक पेज www.facebook.com/NepalCIAAमार्फत आयोगका प्रेसविज्ञप्ति सार्वजनिक गरी सूचना संप्रेषण गर्ने व्यवस्था गरिएको छ ।

गुनासो/उजुरीका लागि
हटलाइन नं.: १०७ (उजुरीको लागि)
आयोगको वेबसाइट www.ciaa.gov.np मार्फत अनलाइन उजुरी दर्ता गरेर
टोल फ्रि नं.: १६६०-०१-२२२३३ (उजुरी को लागि )
टेलिफोन नं.: ०१-५२६२१५१ (सामान्य प्रशासकीय विषयका लागि)
फ्याक्स नं.: ०१-५२६२१०४/५२६२१२८ (फ्याक्स गर्नका लागि)
ईमेल : ujuri@ciaa.gov.np (ईमेल माफत उजुरीका लागि)
फेसबुकः /NepalCIAA (उजुरी Messages गरेर)
ट्विटरः @ciaa_nepal (उजुरी Messages गरेर)
हुलाक मार्फत वा आयोगमा आफैं उपस्थित भएर

### *१६. आयोगले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौतासम्वन्धी विवरणः*

नेपाल सरकारवाट विनीयोजित बार्षिक बजेट तथा कार्यक्रम अनुसार आयोग सञ्चालन हुने गरेको। आयोगको आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्वन्धी अद्यावधिक विवरण महल १२ मा प्रस्तुत गरिएको छ।

### *१७. आयोगले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदनः*

आयोगले आ.व. २०७७/७८ को चौथो त्रैमासिक अवधिमा कोरोना महामारीका कारण उल्लेख्य रुपमा तर्जुमा गरिएका तालीम र अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्न सकेन भने उजुरी छानविन, तहकिकात र अभियोजनसँग सम्वन्धित कार्य नियमित रुपमा सम्पन्न भएको र यसको विस्तृत विवरण महल नं. ९ मा जानकारी गराइएको छ।

### *१८ः सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि*

सूचनाको हक सम्बन्धी ऐन, २०६४ आयोगसँग सम्बन्धित ऐन, नियमावलीमा गोप्य रहने भनि उल्लेख गरेका सूचना बाहेक सबै प्रकारका सूचनाहरु आयोगको वेबसाईट मार्फत् र सामाजिक संजालमा समेत दैनिक प्रकाशन गरी जानकारी गराउने गरिएको छ ।

### *१९. आयोगमा परेका सूचना मागसम्वन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः*

आयोगमा यस आ.व. को चौथो त्रैमासिकमा सूचना माग गरि जम्मा ५२ वटा निवेदन परेको र उक्त निवेदन उपर कारबाही हुँदा ४६ वटा निवेदनका निवेदकले माग गरे बमोजिम सूचना प्राप्त गरेको अवस्था छ । उक्त निवेदनहरु मध्ये ६ वटा निवेदन असम्बन्धित ब्यक्तिले असम्बन्धित विषयमा सूचना माग गरेको पाइएकोले सूचना उपलब्ध गराउन सकिएन ।

## *२०. आयोगका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको विवरणः*

आयोगका सूचनाहरु नियमित रुपमा आयोगकै वेबसाइटमा प्रकाशन हुने गरेका छन्। घुस रिसवत लिने दिने सम्वन्धी तथा आयोगका अन्य गतिविधि सम्मिलित विषय आयोगकै वेबसाईटमा प्रेस विज्ञप्तिबमोजिम प्रकाशन गर्ने गरिएको, विभिन्न आमसञ्चार क्षेत्रहरुलाई सो वारेमा ईमेलमार्फत अवगत गराउने गरिएको, नेपाल टेलिभिजनमार्फत प्रत्येक मंगलवार साँझ ७ः२५ बजे प्रसारण हुने "सुशासन सवाल" कार्यक्रममार्फत समेत प्रसारण गर्ने गरिएको तथा यससम्वन्धमा विभिन्न सञ्चार माध्यमहरुले समेत समाचार, लेख/रचनाको रुपमा प्रकाशन, प्रसारण गर्ने गरिएको छ।